आज मिति २०७९।१०।०६ गतेका दिन यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यू को अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिमका निर्णय गरियो ।

| सि.नं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चेतराज बजाल | नगर प्रमुख | |
| २ | श्री रतन बहादुर सिंह | नगर उपप्रमुख | |
| ३ | श्री डम्बर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कलक बहादुर खडका | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गंग बहादुर खडका | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री ईश्वर बहादुर खाती | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री प्रेम थापा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नरेन्द्र बहादुर सिंह | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री शिवराज जोशी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री लोकेन्द्र बहादुर बोहरा | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री गोपाल बहादुर खडका | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुष्प बहादुर सिंह | १० नं.वडा अध्यक्ष | |
| १३ | श्री सर्जन बहादुर थापा | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री उत्तरा कुईकेल खडका | महिला सदस्य | |
| १५ | श्री सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | श्री सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | श्री धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | श्री कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | श्री धर्मराज रसाईली | दलित सदस्य | |
| २० | श्री लाल बहादुर सुनार | दलित सदस्य | |
| २१ | श्री लोकेन्द्र बहादुर वि क | दलित सदस्य | |
| २२ | श्री अम्मरराज जोशी | सचिव | |

२३ कलक ब० खड्का

२४ तेज ब० सिंह के.अ.

२५. लाल बहादुर खत्री आलेप अधिकृत

२६. जितेन्द्र विष्ट लेखा अ

२७. लालि ब० [illegible] [illegible]

अनुसूची -२
(कार्यविधिको बुँदा नं. ५.२ सँग सम्वन्धित)
जयपृथ्वी नगरपालिका
नगर कार्यपालिका
प्रस्ताव र समय तालिका

बैठक संख्या: | बैठक स्थान : नगरपालिका सभाहल

अध्यक्षता : श्री चेतराज बजाल

| मिति | बैठक वस्ने समय | प्रस्तावहरु | प्रस्ताव प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।१०।०६ | ११ : 00 बजे विहान | 1. विपद व्यवस्थापन विधेयक<br>2. नगर खेलकुद विधेयक<br>3. वडा नं.११ विभाजन सम्बन्धमा<br>4. नल्कोट गा.पा.को वडा नं.१ गाभ्ने सम्बन्धमा<br>5. विविध | नगर प्रमुख | |
| | | | | |
| | | | | |

CS CamScanner

मिति २०७९।१०।०६ गतेको कार्यपालिकाको बैठकको निर्णय

प्रस्ताव

1. स्थानीय विपद न्यूनिकरण तथा व्यवस्थापन विधेयेक, २०७९ को मस्यौदा
2. नगरपालिका खेलकुद विकास विधेयेक, २०७९ को मस्यौदा
3. वडा नं.११ विभाजन सम्बन्धमा
4. तल्कोट गा.पा.को वडा नं.१ नगरपालिकामा गाभ्ने वारे नगरसभामा पेश गर्ने सम्बन्धमा ।
5. विविध

निर्णय नं. १

प्रस्ताव नं. १ र २ माथि छलफल गर्दा यस नगरपालिकाको तपसिल बमोजिका विधेयकलाई दफावार छलफल गरी नगरसभाको हिउँदे अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

- स्थानीय विपद न्यूनिकरण तथा व्यवस्थापन विधेयेकको मस्यौदा, २०७९
- नगरपालिका खेलकुद विकास विधेयेकको मस्यौदा, २०७९

निर्णय नं. २

यस नगरपालिकाको वडा नं.११ को सुइल मयाना क्षेत्र वडाकार्यालयको केन्द्रवाट धेरै टाढा रहेको र त्यस क्षेत्रका नागरिकलाइ दैनिक सेवा लिन समेत कठिनाइ भएको हुँदा त्यस क्षेत्रका नागरिकहरुको आम भेला बसी छुटै वडाको माग भएको र वडा कार्यालयले समेत सिफारिश पेश गरेको हुँदा सो क्षेत्रलाई छुट्टै वडा विभाजनको प्रक्रियालाई अगाढी बढाउन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तल्कोट गाउँपालिकाको गाउँसभाको निर्णयानुसार ऐ.गाउँपालिकाको वडा नं.१ को सुनिकोट क्षेत्रलाइ जयपृथ्वी नगरपालिकामा गाभिने निर्णय भएको हुँदा सो क्षेत्रलाइ यस नगरपालिकाको छुट्टै थप वडाको रुपमा गाभिने प्रक्रिया अगाढी बढाउन नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४ बिविध

क) बसपार्क सम्बन्धमा- जयपृथ्वी नगरपालिका वडा नं. १० चैनपुरमा रहेको चन्द्रगगन बसपार्कलाई व्यवस्थित गरी सिमखेतको चौरमा रहेको बसपार्कलाई सार्ने निर्णय पारित गरियो ।

ख) सडक बोर्डको कार्यक्रम छनौट सम्वन्धमा – सडक बोर्डवाट प्राप्त भएको बजेटलाइ तपसिल बमोजिमका योजनाहरुमा बिनियोजन गर्ने र सो योजनाको लागतमा ३०% नगरपालिकाले सम्पूरक अनुदानबाट व्यहोर्ने निर्णय पारित गरियो ।

| | |
|---|---|
| सडकबोर्डबाट प्राप्त रकम रु | ५५०००००। |
| नगरपालिकाले सम्पुरकबाट व्यहोरिनु पर्ने रकम रु | २४००००। |
| जम्मा | ७९००००। |

| क्र.सं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १ | पानकोट पक्की पुल वारीपारी सडक स्तोरोन्ती | वडा नं.१०,३,४ | २००००००। |

| | | | |
|---|---|---|---|
| २ | टिमुर्याडी खोलसिङ खोला देखि प्राविधिक शिक्षालय सम्मको सडक स्तोरोन्ती | वडा नं ८,६ | २०००००० . |
| ३ | एर्पोट जाने बाटो मर्मत तथा स्तोरोन्ती | वडा नं २ | १००००००। |
| ४ | माझेसैन देखि ५ नं. वडा कार्यालय सम्म सडक स्तोरोन्ती | वडा नं ५ | १००००००। |
| ५ | सुर्मा टोल देखि देविस्थान सम्मको सडक स्तोरोन्नोती | वडा नं १० | १००००००। |
| ६ | कालिपछाइ होटल देंखि वकिल कार्यालय सम्मको सडक र नाला सरसफाई | वडा नं १० | ९०००००। |

ग) यस नगरपालिको प्रकोप व्यवस्थापन कोषबाट तपसिल बमोजिमका दीर्घ रोगी अन्य व्यक्तिलाइ आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

| | | |
|---|---|---|
| १. | सत्यराज भण्डारी रु | १५०००। |
| २. | समसेर बम्म रु | ७००००। |
| ३. | रमित रजक रु | ४००००। |
| ४. | सुनिल नेपाली | ४००००। |
| ५. | देविजंग बहादुर सिंह | ५००००। |
| ६. | पतन्जली योग शिविर संचालन | ३५०००। |
| | जम्मा | २५००००। |

घ) खेलमैदान – यस नगरपालिकाको वडा नं ३ अन्तर्गत रहेको खेलमैदानको निर्माण कार्य आर्थिक वर्ष २०७८।०७९ मा सुरुवात भई निर्माण कार्य यस आर्थिक बर्ष २०७९।०८० को पौष मसान्त सम्मगा सम्पन्न भइ सकेको हुंदा उक्त योजनाको म्याद थप गरी भुक्तानी हुन बाँकी रहेको रकम रु. ४०००००। उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ) प्रहरीचौकी माग सम्बन्धमा – यस नगरपालिका भित्र रहेका वड नं. ५ र ७ का नागरिकलाइ शान्ती सुरक्षा कायम गर्न उपयुक्त स्थानमा अस्थायी प्रहरीचौकी स्थापनाका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय पारित गरियो ।

च) यस नगरपालिका वडा नं.११ अन्तर्गत रहेको नानदेव आधारभुत विद्यालयको भवन निर्माणको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रबाट बजेट विनियोजन भइ आएको हुँदा भवन निर्माणको लागि जग्गा उपलब्ध नभएकोले निर्माण भएको ४ कोठे विद्यालय भवनको माथिल्लो तलामा चार कोठे भवन निर्माण गर्ने निर्णय पारित गरियो ।

छ) घ वर्गको इजात प्रासको लागि आवश्यक कागजात पुर्याइ प्राविधिक प्रतिवेदन सहित प्रमुख प्रशासकीय अधिकृतले घ वर्गको इजाजत प्रदानका लागि कार्यपालिकामा पेश गरेको हुँदा यस नगरपालिका वडा नं. १० स्थित कार्यालय रहेको श्री चण्डिका पृथ्वी कन्सट्रक्सन निर्माण सेवालाइ घ वर्गको इजाजत प्रदान गर्ने निर्णय पारित गरियो ।

CamScanner